गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# धौलागिरी प्रादेशिक अस्पताल

बागलुङ, नेपाल

## अस्पतालका लागि सुरक्षागार्ड तथा सरसफाईकर्मी सप्लाई सम्वन्धि कार्यका लागि प्रस्तावपत्र आब्हान सम्बन्धी सूचना

**सुचना नः DPH/NCB/Other-01/2083/84**

**(संशोधन सुचना प्रकाशित मिति २०८३/०५/१५)**

यस अस्पतालको मिति २०८३ श्रावण २६ गते गते PPMO अन्तर्गत www.bolpatra.egp/np मा प्रकाशित बोलपत्र सम्बन्धी सूचना "अस्पतालका लागि सुरक्षागार्ड तथा सरसफाईकर्मी सप्लाई सम्बन्धी कार्यको प्रस्ताव फाराम, प्रस्ताव नं. DPH/NCB/Other-01/2083/084" का लागि प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८३ भाद्र १५ गते १२:०० बजेसम्म रहेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३ भाद्र ११ गतेको सूचना अनुसार हाललाई e-GP System स्थगन गरिएकाले उक्त प्रस्तावपत्र हार्ड-कपी प्रक्रिया मार्फत् मिति २०८३ भाद्र २२ गते १२:०० बजे भित्र देहायका योग्यता र सर्त सहित प्रस्ताव पत्रको खामबन्दी यस कार्यालयमा पेश गर्नुहुन इच्छुक फर्म/कम्पनीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यस धौलागिरी प्रादेशिक अस्पतालमा आ.व. २०८३/८४ का लागि सुरक्षा तथा सरसफाई सेवा कार्यका लागि संस्थागत सेवा करारमा लिनुपर्ने भएकाले नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट सम्बन्धीत कार्यका लागि इजाजत प्राप्त योग्य तथा इच्छुक , स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिबृद्धी कर (VAT) दर्ता भएका कालो सुचीमा नपरेका फर्म, संस्था वा कम्पनीहरुले उल्लेखित कार्यका लागि रितपुर्वकको प्रस्ताव पेश प्रस्तावपत्र आब्हानको सुचना गरिएको छ।

२. प्रस्ताव पेश गर्न सम्बन्धीत फर्म, संस्था वा कम्पनीले नेपाल सरकारबाट उल्लेखित कार्यका लागि ईजाजत प्राप्त अनुमती पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धी कर (VAT) दर्ता तथा नविकरण भएको पत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

३. प्रस्तावको मान्य अवधी नब्बे दिनको हुनेछ। विद्युतिय माध्यमबाट प्रस्ताव पेशगर्दा प्रस्तावदाताले नेपाल सरकार बाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको प्रस्ताव पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद अबधी भएको रु १,२०,०००/- (अक्षरुपी एक लाख बिस हजार रुपैया) को निसर्त बैंक जमानत पेश गर्नुपर्नेछ।

४. **इच्छुक प्रस्तावपत्रदाताले यस कार्यालयमा मिति २०८३ साल भाद्र २२ गते दिनको १२:०० बजे प्रस्तावपत्र खामबन्दी गरि (Hard Copy) दाखिला गर्नु पर्नेछ।** दाखिला भएका प्रस्तावहरु सोही दिन दिनको २:०० बजे उपस्थित हुन चाहने प्रस्तावपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्तावपत्रदाताको प्रतिनिधी उपस्थिती नभए पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन। सो दिन सार्वजनिक बिदा परे कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ।

५. प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सेवाको कार्य क्षेत्रगत सर्त र कार्यबिबरण प्रस्ताव साथ पेश गर्नुपर्ने न्युनतम कागजातहरु तथा सेवा शुल्क भुक्तानीका तरिका अध्ययन गरि पेश गर्नु पर्नेछ।

६. प्रस्तावपत्र दाताले कवोल गरेको प्रत्येक दरेरेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दरेरेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिइने छ। केरमेट भएको ठाँऊमा सहिछाप भएको हुनुपर्नेछ।

७. कुनै प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ।

८. आयकर लगायत स्थानिय कर र नेपाल सरकारलाई तिर्नु/बुझाउनुपर्ने सबै कर (मु.अ.क. बाहेक) सम्बन्धित प्रस्तावपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ।

९. प्रस्तावपत्रदाताले खरिद कार्यमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५० को उपनियम २(ङ) बमोजिम घोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।

१०. सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यस बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन(संशोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ अनुसार तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

११. सरसफाईका लागि आवश्यक सामग्रीहरु कार्यालयद्वारा नै उपलब्ध गराईनेछ।

१२. प्रस्ताव सम्बन्धी अन्य सेवा र सर्तहरु प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ। यस सम्बन्धी अन्य जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न वा प्रस्ताव सम्बन्धी सूचना कार्यालयको website: www.dph.gandaki मा समेत हेर्न सकिनेछ।

१३. थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा सम्पर्क राख्न सक्नुहुनेछ। फोन नं. ०६८-५२०५८८

प्रमुख मेडिकल सुपरिटेण्डेन्ट

**प्रमुख मेडिकल सुपरिटेण्डेन्ट**